# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE
REACHING NATIONS

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ | 16 Languages | Associate Editors : Bro. BHUVAN DEVKODA, Bro. RAJ KUMAR BHANDARI

Vol. XXIII | NOVEMBER 2023 | No. 11


## पवित्र बाइबल

**कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।**

### परमप्रभुको प्रशंसा

### भजनसंग्रह १३८:१-८

१. हे परमप्रभु, म आफ्नो सारा हृदयले तपाईंको प्रशंसा गर्नेछु, देवताहरूका सामुन्ने म त तपाईंको प्रशंसा गर्नेछु ।

२. म तपाईंको पवित्र मन्दिरतिर फर्केर दण्डवत् गर्नेछु र तपाईंको करुणा र विश्वासनीयताको निम्ति तपाईंको नाउँको प्रशंसा गर्नेछु । किनभने तपाईंले आफ्नो नाउँ र आफ्नो वचन सबै कुरामाथि उच्च पार्नुभएको छ ।

३. जब मैले तपाईंलाई पुकारें, तपाईंले मलाई जवाफ दिनुभयो । तपाईंले मलाई साहसी र आँटिलो पार्नुभयो ।

४. तपाईंको मुखका वचन सुन्दा हे परमप्रभु, पृथ्वीका समस्त राजाहरूले तपाईंको प्रशंसा गरून् ।

५. तिनीहरूले परमप्रभुका मार्गहरूको जयजयकार गरून् किनकि परमप्रभुको महिमा महान् छ ।

६. परमप्रभु अति उच्चमा विराजमान हुनुभए पनि उहाँले नम्रहरूमाथि दृष्टि गर्नुहुन्छ तर अहङ्कारीहरूलाई उहाँले टाढैबाट चिन्नुहुन्छ ।

७. म सङ्कटमय मार्गमा हिँडे पनि तपाईंले मेरो प्राणको सुरक्षा गरिदिनुहुन्छ । मेरा शत्रुहरूका क्रोधको विरुद्धमा तपाईंले हात बढाउनुहुन्छ, आफ्नो दाहिने बाहुलीले मलाई बचाउनुहुन्छ ।

८. परमप्रभुले मेरो लागि उहाँको अभिप्राय पूरा गर्नुहुनेछ, तपाईंको करुणा, हे परमप्रभु, सदाको निम्ति रहिरहन्छ- तपाईंका हातको रचनालाई नत्याग्नुहोस् ।

## तपाईंको रणभूमि छान्नुहोस्



**रेभ. एन्जलीन सेल्भाकुमारी**

### RECOGNIZE YOUR BATTLE FIELD!

हालसालै मेरो परिवारको साथमा म आफ्नो साथीलाई भेट्न गएकी थिएँ, जसलाई मैले केही समयदेखि देखेकी थिइनँ । म यस भ्रमणको बारेमा अत्यन्तै उत्साहित भएकी थिएँ । तापनि, नयाँ बाटोहरू र सहायक मार्गहरूका साथमा मैले दिशाको निम्ति गुगल म्यापमा निर्भर रहने निर्णय गरें । अचम्म तरिकाले, अन्त्यमा म हराएँ । मैले भन्नै पर्छ उचित सम्मानको साथमा गुगल म्यापले मलाई सबैभन्दा राम्रो मार्गमा डोर्‍याउने कोसिस गरिरहेको थियो तर वास्तवमा मार्ग आफैंमा राम्रो थिएन । मैले आफैंलाई गोलगोल घुमिरहेको पाएँ र ढिला भएको हुनाले मैले आफ्नो धैर्यता गुमाउन सुरु गरें ।

तपाईंमध्ये धेरैले यो अनुभवलाई महसुस गर्न सक्नुहुन्छ भनेर म विश्वास गर्छु । ट्राफिक लाइटमा पर्खिरहँदा गुगलको निर्देशनअनुसार अगाडि जाने वा घुम्ती लिने वा नलिने भन्ने कुरामा अनिश्चित हुँदै गर्दा मैले थाहा पाएँ कि गुगलले सल्लाह दिएको सडक अत्यन्तै साँघुरो थियो । त्यस्तो साँघुरो बाटोबाट मैले सवारी साधन चलाउन सक्छु वा सक्दिनँ भनेर म निश्चित थिइनँ । मेरो अन्योलतालाई सरल बनाउन मैले मार्ग निर्देशनको निम्ति मेरो अघि भएको मोटरसाइकल चालकलाई सोध्ने निर्णय गरें । ऊ म गइरहेको स्थानमा बस्ने गर्छ भनेर उसले मलाई जानकारी दिँदा मलाई आनन्द भएको थियो र उसले सो मार्गमा लगिदिने प्रस्ताव

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



**यूट्यूब ख्रीष्टियान च्यानल**

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ ।

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान ५ बजे**

**तामिल आइतवार सेवा: बिहान ८:३० बजे**

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Bro. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Sis. L. Mariya Anjalin, M.A., M.Sc., B.Ed.
Rev. Dr. K.R. Rajasekaran
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858
95661 31858
E.MAIL ID
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

## कृपा, शान्ति र प्रेम तिमीहरूमा प्रशस्त हुँदैजाओस् (यहूदा १:२) ।

प्रभु येशू ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू !

हाम्रो प्रभु येशू ख्रीष्टको अनुग्रह तपाईंको साथमा रहोस् । तपाईं आरामै हुनुहुन्छ भनेर हामीले आशा गरेका छौं । हामी तपाईंका आवश्यकताहरूका निम्ति निरन्तर प्रार्थना गर्छौं ।

परमेश्वरको सेवकाइ **बोलावटको प्रतिध्वनिको** निम्ति उहाँको स्वर्गका सम्पूर्ण उपलब्धताको निम्ति हामी उहाँप्रति धन्यवादी छौं । हाम्रो अंग्रेजी सहसम्पादकको रूपमा हाम्री प्रिय बहिनी सजनी चेरियन र हाम्रो अफ्रिकान्स सहसम्पादकको रूपमा जाकोबस प्रेटोरियस दिनुभएको निम्ति हामी परमेश्वरप्रति धन्यवादी छौं । कृपया उहाँहरू र अन्य सबै १४ सहसम्पादकहरू र उहाँको सम्बन्धित स्थानहरूमा उहाँसँग काम गर्ने उहाँ सहयोगीहरूलाई पनि प्रार्थनामा सम्झिदिनुहोला ।



*Sis. Sajini Cherian*



***Bro. Willem Jacobus Pretorius***

**बोलावटको प्रतिध्वनि** सेवकाइका सम्पूर्ण क्रियाकलापहरूका निम्ति हामीले असल प्रतिक्रियाहरू प्राप्त गरेका छौं । संसारभरि नै परमप्रभुले मानिसहरूका जीवनलाई छोइरहनुभएको छ । परमप्रभु परमेश्वरले हामीलाई पनि उहाँको राज्य निर्माण गर्नमा प्रयोग गरिरहनुभएको छ भन्ने कुरामा हामी अत्यन्तै धन्यवादी छौं ।

हामीले तपाईंलाई पहिले पनि लेखेका थियौं, हालका दिनहरूमा हामी विभिन्न प्रकारका आत्मिक लडाइँबाट भएर गुज्रिरहेका छौं । त्यसैले, हाम्रो निम्ति प्रार्थना गरिदिनको निम्ति हामी तपाईंसँग बिन्ती गर्छौं ।

तर हामी नराम्रो आत्मिक अवस्थाबाट भएर गुज्रिरहेको भए पनि हामी तपाईंको हीतको निम्ति प्रार्थना गर्न रोकिएका छैनौं । दिनदिनै संसारका प्रणालीहरू परिवर्तन भइरहेको हुनाले संसारभरि भएका परमेश्वरका सेवकहरूका रूपमा सर्वशक्तिमान परमेश्वरबाट हामीलाई विशेष छुवाइ र सुरक्षाको आवश्यकता रहेको छ ताकि हामीले यो संसारमा भएका मानिसहरूमा हामीमा भएको अभिषेक बाँड्न सकौं । हामी पनि आत्मिक लडाइँको रणभूमिमा अघिल्लो पङ्क्तिमा छौं भनेर हामीले भन्न सक्छौं । हाम्रो प्रभु येशू ख्रीष्ट हाम्रो कप्तान र रक्षक हुनुहुन्छ । आमेन ।

परमेश्वरले तपाईंलाई धेरैभन्दा धेरै आशिष् देऊन् ।

ख्रीष्ट येशूमा तपाईंका सेवकहरू,

*पास्टर एस. साम सेल्भाराज र एलेक्स सामसन साम*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) Media Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

*पृष्ठ १ बाट*

गरेको थियो । त्यो कस्तो आनन्द थियो ! सबैभन्दा राम्रो भागचाहिँ मैले मोटरसाइकल चालकलाई पछ्याउँदै गर्दा मेरो न्याभिगेसन प्रणालीले मलाई निरन्तर रूपमा अर्कै मार्ग देखाइरहेको थियो । तापनि, मेरो न्याभिगेसनले जे भनिरहे पनि मैले त्यसलाई पूर्णरूपमा इन्कार गर्ने निर्णय गरें किनकि मैले पछ्याइरहेको व्यक्तिमा मेरो पूर्ण भरोसा थियो । उसलाई बाटोको बारेमा राम्ररी थाहा थियो र ऊ पहिले पनि त्यहाँ पुगेको थियो । अगुवाइको निम्ति कसैमाथि भर पर्नु कस्तो आनन्दको कुरा थियो ।

तपाईंको जीवनलाई पनि सोही तरिकामा कसैले न्याभिगेसन गरेको के तपाईंले कहिल्यै चाहना गर्नुभएको थियो ? तपाईंको पक्षमा कसैले कठोर र जटिल निर्णयहरू लिएको र तपाईंले गर्नु परेको कुराचाहिँ त्यसलाई पछ्याउनु ? विश्वास गर्नुहोस् वा नगर्नुहोस्, हामीसँग पनि त्यस्तै कोही हुनुहुन्छ । उहाँको नाम येशू ख्रीष्ट हो । उहाँलाई हाम्रो विगत, वर्तमान र हाम्रो भविष्य पनि थाहा छ । हाम्रो भोलिको दिनमा पनि उहाँ पहिले नै हुनुहुन्छ । हाम्रोअघि ती आउनुअघि नै उहाँलाई हरेक थोक थाहा छ । किनभने **संसारको जग बसाल्नुअघि नै उहाँले हामीलाई छान्नुभयो** (एफिसी १:४) । हामी हरेकको निम्ति उहाँसँग सुन्दर योजना छ । यर्मिया २९:११ ले घोषणा गर्दछ, **"किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरूका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र भविष्य दिनलाई ।"**

जे कुरा पनि ज्योतिमा आए पनि हाम्रो जीवनले हाम्रो निम्ति सर्वशक्तिमानले बनाउनुभएको योजनाले नै बिना शंका पछ्याउनेछ । यसले भलाइ, चुनौती र जीवनका असहज पक्षहरूलाई समेट्छ ।

## १. असल लडाइँ लड्नुहोस्: योद्धा बन्नुहोस्, चिन्ता गर्ने व्यक्ति होइन !

हामीले आज सामना गरिरहेका अवस्थाहरू चुनौती, सम्हालिरहेका र अन्योलतापूर्ण भए पनि अन्त्यमा त्यसले हाम्रो भलाइको निम्ति काम गर्छ भन्ने कुरा पहिचान गर्नु महत्वपूर्ण हुन्छ । परमेश्वरले हामी हरेकलाई योद्धाहरू बन्न बोलाउनुभएको छ, चिन्ता गर्ने व्यक्ति बन्न होइन । जीवनका परीक्षाहरूले हामीलाई प्रायः निरासातिर लैजान सक्छ र हाम्रो जीवनको उद्देश्यको दृश्यलाई धमिलो बनाउँछ । तापनि, अनन्त जीवन छ भनेर हामीलाई प्रकट गर्न येशू ख्रीष्ट यस संसारमा आउनुभयो, क्रूसमा मर्नुभयो र फेरि जीवित हुनुभयो भन्ने कुरा हामीले नबिर्सौं । हाम्रो वर्तमान जीवन क्षणभरको छ, आउन लागेको अनन्त जीवनको निम्ति तालिम गर्ने स्थानको रूपमा सेवा गरिरहेको । **हामीले यहाँ अनुभव गरेका सबै थोकहरूले हामीलाई उहाँको महिमामा रूपान्तरण गर्छ** (२ कोरिन्थी ३:१८) । पावलले १ तिमोथी ६:१२ मा भन्छन्, **हाम्रो अस्तित्वको उद्देश्य नै अनन्त जीवनमा प्रवेश गर्नु हो ।** त्यसकारण, हामी सबैलाई **असल लडाइँ लड्न** बोलाइएको छ ।

पावलको वचनमा "विश्वासको उत्तम लडाइँ लड । अनन्त जीवन पक्रिराख । यसैमा तिमीलाई बोलावट भएको थियो, जब तिमीले धेरै साक्षीहरूका उपस्थितिमा तिम्रो विश्वासको असल साक्षी दिएका थियौ ।"

हामीले कसरी यो नैतिक लडाइँलाई लड्न सक्छौं ? यो पूर्णरूपमा विश्वासद्वारा हुन्छ । विश्वासबिना हामी यो धार्मिक लडाइँ लड्न असमर्थ छौं र यसबिना हामीले अनन्त जीवन सुरक्षित गर्न सक्दैनौं । यसको अर्थचाहिँ हामीले आफ्नो अस्तित्वको उद्देश्यलाई गमाइरहेका हुन्छौं । भजनसंग्रह १४४:१ ले सुन्दर तरिकाले बताउँछ, **मेरो चट्टान, परमप्रभुको प्रशंसा होस्, जसले मेरो हातलाई युद्ध गर्न र मेरा औंलाहरूलाई लडाइँ गर्न सिकाउनुहुन्छ ।** युद्धको निम्ति हामीलाई तयार गरिरहनुहुने परमेश्वर हाम्रो प्रशिक्षक र हाम्रो स्वर्गीय सेनाको सेनापति हुनुहुन्छ । उहाँ असंख्यका परमप्रभु हुनुहुन्छ, जीवनका चुनौतिहरूलाई सामना गर्न हामीलाई सुसज्जित गरिरहनुभएको छ । जसरी प्रस्थान १५:३ ले घोषणा गर्दछ, **परमप्रभु नै योद्धा हुनुहुन्छ, उहाँको नाउँ परमप्रभु हो ।** हामी उहाँजस्तै योद्धा बनेको उहाँले चाहनुहुन्छ र चिन्ता गर्ने व्यक्ति होइन । चिन्ता नगर्नुहोस्, हामी "सबै थोक जान्नुहुने सेनापति" को नेतृत्वको अधीनमा छौं । त्यसैले, हरेस नखानुहोस् ! याद राख्नुहोस्, हाम्रो सेनापति प्रभुले कलवरीको क्रूसमा पहिले नै विजय गरिसक्नुभएको लडाइँ लडिरहेका छौं ।



*God trains my fingers for battle*

## २. लडाइँ गर्ने हतियारहरू !

लडाइँ लड्नको निम्ति परमेश्वरले हामीलाई शक्तिशाली हतियार दिनुभएको छ । २ कोरिन्थी १०:४ मा हामीले यी हतियारहरूका बारेमा पढ्छौं: **"किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन् तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ ।"**

यी हतियारहरू यति शक्तिशाली छन् कि त्यसले किल्लाहरू नष्ट गर्न सक्छ, चाहे ती पाप, बन्धन वा पुस्ताबाट आएको श्राप होस्, जसले हामीलाई असफलजस्तो महसुस गराउँछ । तपाईंको परिवारमा तपाईंले बारम्बार बिरामी वा तोडिएको पद्धतिलाई देख्नुहुन्छ भने यी हतियारहरू प्रयोग गर्ने समय अहिले नै हो । येशू ख्रीष्टको रगत प्रयोग गर्दै विजय दाबी गर्नुहोस्, जुन कलवरीको क्रूसमा हाम्रो निम्ति बगाइएको थियो । हाम्रो जीवनमा भएका लडाइँहरूका विरुद्ध लड्नको निम्ति परमेश्वर- हतियार प्रयोग गर्न सुरु गरौं ।

### सबै लडाइँहरू लड्न जरुरी छैनन् !

तापनि, सबै लडाइँहरू लड्नु जरुरी छैन भनेर हामीले जान्नु जरुरी छ । केही लडाइँहरू वा चुनौतीहरू हामीलाई मुख्य कुराबाट अलग्याउन आउँछन् । हामीले आफ्नो लडाइँ बुद्धिमानीपूर्वक छान्न सिक्नु जरुरी हुन्छ । चाहना नगरिएका लडाइँहरू लड्नमा आफ्नो शक्ति, समय र सामर्थ्य खर्च नगर्नुहोस् । हाम्रो जीवनको विरुद्धमा आउने हरेक लडाइमा

हामी संलग्न हुन्छौं भने हामी थाक्न थाल्नेछौं र थकित बन्छौं। परमेश्वरले हामीलाई लड्न बोलाउनुभएको वास्तविक लडाइँलाई हामीले गुमाउनेछौं ।

## जति महान् बोलावट, त्यति धेरै चुनौतीहरू !

जब परमेश्वरले तपाईंलाई महान् आज्ञाको निम्ति बोलाउनुहुन्छ, त्यो पूरा गर्नबाट तपाईंलाई रोक्न कोसिस गर्ने चुनौतीहरू आउनेछन्। तापनि, हामीले यी चुनौतीहरूमा धेरै केन्द्रित हुन्छौं भने त्यसको पछाडि भइका आशिष् हामीले गुमाउनेछौं ।

१ शमूएलको पुस्तकमा प्रदर्शन गरिएको दाऊद र गोल्यतको कथाले यस कुरालाई अत्यन्तै सुन्दर प्रकारले प्रस्तुत गर्दछ- हामीमध्ये धेरैलाई परिचित भएको कथा ।

यहाँ हामीले गोल्यतले इस्राएलको सेनालाई एक जना लड्न पठाउन चुनौती दिइरहेको थियो । त्यसले निरन्तर ४० दिनसम्म तिनीहरूलाई उक्सायो र श्राप दियो, जसले गर्दा इस्राएलीहरूका बीचमा ठूलो भय छायो । **जब इस्राएलीहरूले त्यस मानिसलाई देखे, तब तिनीहरू ठूलो डरले भागे** (१ शमूएल १७:२४) ।


तापनि, १ शमूएल १७:२६ मा दाऊदको प्रतिक्रिया जाँच गरौं: **...जीवित परमेश्वरको सेनालाई तुच्छ भन्ने त्यो खतना नभएको पलिश्तीचाहिँ को हो र ?** दाऊदले पलिश्तीका शब्दहरूलाई सहन सकेनन्। हामीले तिनको प्रतिक्रियालाई नजिकबाट जाँच गर्छौं भने हामीले दाऊदको लडाइँको रणनीति अवलोकन गर्न सक्छौं ।

तिनले आफ्नो समस्या आफ्नो परमेश्वरसँग जोड्छन्, उहाँको विरुद्धमा कसैलाई पनि बोल्न नदिएर । दाऊदको आँखामा यो लडाइँ तिनको आफ्नो होइन तर परमेश्वरको हो ।

प्राय: हामीले आफ्ना लडाइहरू आफ्नो हातमा राख्ने कोसिस गर्छौं र त्यसको विरुद्धमा लडाइँ गर्छौं। प्रिय मित्रहरू, आफ्ना लडाइँहरू प्रभुकहाँ समर्पण गर्न म तपाईंलाई बिन्ती गर्छु, जो शक्तिशाली योद्धा हुनुहुन्छ। उहाँले तपाईंको पक्षमा लड्नुहुनेछ । दुर्भाग्यपूर्वक, हामीले हरेक थोक आफैंले सम्हाल्ने प्रयास गरेर प्राय: आफैंलाई थकित बनाउँछौं, जसले हामीलाई थकानतिर लैजान सक्छ र कहिलेकाहीँ हाम्रो विश्वासबाट बाहिर निकाल्न पनि सक्छ ।

## ३. सबै थोकहरूले परमेश्वरको निम्ति काम गर्दछ !

प्रिय दाजुभाइ तथा दिदीबहिनी, दाऊदलाई रणभूमिमा ल्याउनमा परमेश्वरसँग विशेष योजना थियो । प्रारम्भमा दाऊदले स्पष्ट रूपमा आफ्ना दाजुहरूलाई खानेकुरा पुऱ्याइरहेका थिए भनेर विचार गरेका भए पनि परमेश्वरसँग ईश्वरीय योजना थियो । दाऊदलाई इस्राएलको राजा बनाउने कुराप्रति यो पहिलो कदम थियो । त्यो समयमा दाऊदलाई केही कुरा पनि थाहा थिएन । परमेश्वरले तिनको निम्ति अद्वितीय योजना र आशिष् राख्नुभएको थियो तर तिनले पहिले चुनौती, लडाइँको सामना गर्नुपर्ने थियो। धेरै तरिकाहरूमा यस कुराले हाम्रो आफ्नै जीवनमा सामानान्तर अर्थ राख्दछ । धेरै पटक हामी त्यसको पछि राखिएका आशिष्मा केन्द्रित गर्नुको साटो लडाइँबाट बढारिएका हुन्छौं ।



*David fought with Goliath*

दाऊदले लडाइँमा गोल्यतको सामना गरेको परमेश्वरले चाहनुभयो । त्यो परमेश्वरको ईश्वरीय योजनाको एउटा भाग थियो। तापनि, शैतानले हाम्रो जीवनमा भएको परमेश्वरको योजनालाई सधैं खल्बल्याउने कोसिस गर्छ।

....Contd. to page 6


# RESIDENTIAL BIBLE COURSE

**NEHEMIAH BIBLE COLLEGE, Chennai.**

Medium : Hindi

Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders & Senior Pastors for the past 54 years

Regd. Candidate for Membership ATA NEHEMIAH BIBLE COLLEGE CHENNAI ECHO OF HIS CALL ★ Estd.: 1969 ★

| | | |
|---|---|---|
| Diploma in Ministry | : | One year |
| Diploma in Theology | : | Two years |
| Bachelor of Theology | : | Three years |

Qualification : 10th Standard & above
**Rush for admission!**

**Contact : The Chairman, Nehemiah Bible College.**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

✶ ONLINE CLASSES ARE AVAILABLE ✶

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

PRAISE & PRAYER POINTS - From 2023 November 19 To December 18

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## परमेश्वरलाई प्रशंसा गरौं...

नोभेम्बर १९: हाम्रो **नहेम्याह बाइबल कलेजहरूको** २०२३-२०२४ को पहिलो सेमेस्टर सफलतापूर्वक पूरा गर्न हामीलाई आशिष दिनुभएको निम्ति ।

नोभेम्बर २०: हाम्रो छापाखानामा १६ वटा भाषाहरूमा हाम्रो पत्रिका प्रकाशन गर्न र त्यसलाई मिसन क्षेत्रहरूमा ती पठाउन हामीलाई सक्षम बनाइरहनुभएको निम्ति ।

नोभेम्बर २१: हाम्रो अस्पताल सेवकाइमा परमेश्वरको आश्चर्यकर्मको निम्ति ।

नोभेम्बर २२: सुसमाचार नपुगेका जातिहरूकहाँ सुसमाचार फैलाउन हाम्रो मुख्य मण्डली र यसका शाखाहरूमा हुने हाम्रो आइतवारका सेवाहरूका निम्ति ।

नोभेम्बर २३: बहुसंख्यक सेवकाइहरूद्वारा सुसमाचार फैलाउन हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

नोभेम्बर २४: समर्पित सहसम्पादकहरूका साथमा हाम्रो सेवकाइलाई आशिष् दिनुभएको निम्ति, जसले बोलावटको प्रतिध्वनि पत्रिका सेवकाइलाई सहायता गर्नुहुन्छ ।

नोभेम्बर २५: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारहरूप्रति उहाँको कृपाको निम्ति ।

नोभेम्बर २६: हाम्रा नियमित सहयोगीहरू र हाम्रो सेवकाइम उहाँका संलग्नताको निम्ति परमप्रभुलाई प्रशंसा होस् ।

नोभेम्बर २७: हाम्रो **बोलावटको प्रतिध्वनि** सेवकाइप्रति हाम्रा कार्यालय र छापाखानाका कर्मचारीहरूका समर्पणताको निम्ति परमप्रभुलाई प्रशंसा होस् ।

नोभेम्बर २८: हाम्रा नयाँ अंग्रेजी सहसम्पादक बहिनी सजनी चेरियन र अफ्रिकान्स सहसम्पादक भाइ विल्लेम जाकोबस प्रेटोरियसका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

नोभेम्बर २९: हाम्रो यूट्यूब मिडिया सेवकाइबाट सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई सहायता गरिएको निम्ति ।

नोभेम्बर ३०: हाम्रो मुख्य मण्डली र यसका शाखा मण्डलीहरूमा बालसंगतिको निम्ति धेरै बालबालिका दिएर हामीलाई आशिष् दिनुभएको निम्ति ।

डिसेम्बर १: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजहरूका** विद्यार्थीहरू र शिक्षकहरूका निम्ति ईश्वरीय सुरक्षाको साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

डिसेम्बर २: धेरै विद्यार्थीहरू र ठूलो महत्वकांक्षाको साथमा आवासीय र साँझको **नहेम्याह बाइबल कलेजहरूको** दोस्रो सेमेस्टरको सुरुवात गर्न हामीलाई आशिष् दिनुभएको निम्ति ।

डिसेम्बर ३: **बोलावटको प्रतिध्वनि** सेवकाइका सम्पूर्ण क्रियाकलापहरूमाथि उहाँको हातको निम्ति ।

## कृपया प्रार्थना गरौं...

डिसेम्बर ४: सम्पूर्ण प्रकारका दुष्ट शक्तिहरूबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूको सुरक्षाको निम्ति ।

डिसेम्बर ५: हाम्रो सिनियर पास्टरले आफ्नो जीवनी लेख्न सफलताको निम्ति ।

डिसेम्बर ६: संसारभरि रहेका पास्टरहरू र मिसनरीहरूको ईश्वरीय सुरक्षाको निम्ति ।

डिसेम्बर ७: हाम्रो **नहेम्याह बाइबल कलेजहरूका** निम्ति एटिए सम्बन्धन प्राप्त गर्नको निम्ति ।

डिसेम्बर ८: हाम्रा **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल र नहेम्याह बाइबल कलेजका** कर्मचारी सदस्यहरू र विद्यार्थीहरूका निम्ति ।

डिसेम्बर ९: संसारका युवाहरू र किशोरकिशोरीहरूका बीचमा आत्महत्याको आत्मा हट्नको निम्ति ।

डिसेम्बर १०: संसारभरि साइक्लोन र भूकम्पजस्ता प्राकृतिक विपत्तिबाट सुरक्षाको निम्ति ।

डिसेम्बर ११: सारा धर्महरूका बीचमा एकताको निम्ति ।

डिसेम्बर १२: हाम्रो सेवकाइको विस्तार र संसारभरि सुसमाचारको फैलावटको निम्ति ।

डिसेम्बर १३: सम्पूर्ण दुष्ट शक्तिहरूबाट हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारका सदस्यहरूको सुरक्षाको निम्ति ।

डिसेम्बर १४: संसारभरि रहेका सबै ख्रीष्टियान सेवकाइहरूमा महान् जागृतिको निम्ति ।

डिसेम्बर १५: भारत, मणिपुर राज्यमा पुन: शान्ति र सद्भाव भएको होस् ।

डिसेम्बर १६: हाम्रो मुख्य मण्डली र यसका शाखाहरूमा भएका विश्वासीहरूको ईश्वरीय सुरक्षा र असल स्वास्थ्यको निम्ति ।

डिसेम्बर १७: हाम्रो यूट्यूब मिडिया सेवकाइबाट असंख्य आत्माको मुक्तिको निम्ति ।

डिसेम्बर १८: हाम्रो सेवकाइका क्रियाकलापहरू र भविष्यमा यसको विस्तारको निम्ति ।

पृष्ठ ४ बाट

## ४. फर्कन सिक्नुहोस् !

जब दाऊद उत्कट चाहना र जोशको साथमा बोलिरहेका थिए, तिनले एउटा आवाज सुने । १ शमूएल १७:२८ मा उल्लेख गरिएको छ कि “मानिसहरूसँग दाऊद कुरा गरिरहेका तिनका जेठा दाजु एलीआबले सुने र उनी रिसले चूर भए र उनले दाऊदलाई यसो भनेर सोधे, **तँ यहाँ के गरिरहेछस् र वनमा भएका ती अलिकता भेडाहरू हेर्न तैले कसलाई जिम्म दिएर आइस् ?**” दाऊद लडाइँ हेर्न मात्रै आएको थियो भनेर बताउँदै तिनी घमण्डी र दुष्ट हृदय भएको भनेर एलीआबले तिनलाई दोष लगाए । दाऊदमाथि यो आरोप घोच्ने र पीडादायी थियो ।

आफूलाई यस्तो तरिकामा किन व्यवहार गरिएको थियो वा यस्तो तरिकामा आरोप लगाइएको थियो भनेर दाऊदले बुझ्न नसकेर सोधे कि तिनले के गलत काम गरेका थिए । तिनले किन बोल्न पनि सकेनन् भनेर प्रश्न गरे । अन्त्यमा १ शमूएल १७:२९ र ३० मा उल्लेख गरिएअनुसार तिनले **सो अवस्थाबाट फर्कने** निर्णय गरे । यो पद मसँगै प्रतिध्वनि गर्दछ किनभने कहिलेकाहीं हामीले **फर्कन वा नाइँ भन्न** सिक्नु जरुरी हुन्छ । हाम्रो मार्गमा आउने हरेक लडाइँमा हामी संलग्न हुनु सधैं जरुरी हुँदैन ।

दाऊदसँग यहाा खडा हुने र आफ्नो दाइसँग गलत आरोपको विरुद्धमा आफैंलाई रक्षा गर्ने विकल्प थियो । तिनलाई आरोप लागेको थियो र धेरै मानिसहरूका बीचमा अपमानित गरिएको थियो भनेर विचार गर्दै त्यस्तो गर्न तिनीसँग अधिकार थियो । तापनि, दाऊदले लडाइँ नगर्ने भनेर छनोट गरे । त्यसको साटो तिनी त्यहाँबाट निस्कने निर्णय गरे ।

## ५. आफ्नो रणभूमिलाई खेर जान नदिनुहोस् !

प्रिय मित्रहरू, केही अवस्थाहरूबाट निस्कन परमेश्वरले हामीलाई बुद्धि प्रदान गर्नुभएको होस् । हामी सबैलाई महान् उद्देश्यको निम्ति बोलाइएको छ र तपाईंलाई जे कुराको लागि बोलाइएको छ, सो कुराबाट तपाईंलाई अलग गर्न “एलीआबको शब्द” लाई अवसर नदिनुहोस् । हाम्रो जीवनमा एलीआबको विरुद्धमा लडाइँ गर्नुको साटो हामीले आफ्ना सम्पूर्ण शक्ति “गोल्यत” को सामना गर्न केन्द्रित गर्नुपर्छ । जब हामीले परमप्रभुको निम्ति जिउने महत्वपूर्ण निर्णय गर्छौं, हामीले बाधाहरू र विरोधहरू सामना गर्नु सामान्य कुरा हो । यस्ता बाधाहरू एलीआबजस्ता मानिसहरूको आकारमा आउन सक्छ । तापनि, हामीले आफैंलाई तिनीहरूका आरोप र नकारात्मक कुराबाट निल्छौं भने हाम्रो महत्वकांक्षा, समर्पण्ता र जोश निभ्न सक्छ ।

एलीआबले लगाएका आरोपहरूमा हामीले एक पटक हेरौं:

“तँ किन यहाँ आएको छस् ?”

“तैले उजाडस्थानमा ती अलिकता भेडाहरू कसलाई छोडेर आइस् ?”

“तँ कस्तो घमण्डी छस् र तेरो हृदय कस्तो दुष्ट छ भनेर मलाई थाहा छ ।”

“तँ केवल लडाइँ हेर आएको छस् ।”



*Eliab asked questions to David*

दाऊदले यी सबै आरोपहरूका प्रश्नहरूलाई जवाफ दिन सुरु गरेका भए तिनले गोल्यतसँग लड्नुको साटो एलीआबसँग लडाइँ गर्थे । रणभूमिमा आउनु तिनको उद्देश्य पूरा हुने थिएन । जब परमेश्वरले तपाईंलाई गोल्यतसँग लडाइँ गर्न बोलाउनुहुन्छ, एलीआबसँग आफ्नो समय खेर नफाल्नुहोस् । तपाईंका लडाइँहरू बुद्धिमानीपूर्वक छान्नुहोस् । तपाईंको लडाइँ संसारका एलीआबसँग होइन तर “गोल्यतसँग” हो । निस्कन सिक्नुहोस् !!

बाँकी पृष्ठ १ मा

NEHEMIAH BIBLE
EVENING COLLEGE
Chepauk & Santhoshapuram, Chennai.
Medium :Tamil
Registered Candidate for Membership
Asia Theological Association (ATA)
Recognised by International Christian Leaders &
Senior Pastors for the past 54 years
Diploma in Ministry : One year
Diploma in Theology : Two years
Bachelor of Theology : Three years
Qualification : 10th Standard & above
Rush for Admission!
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, BELLS ROAD, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## PLEASE PRAY FOR OUR MINISTRIES AT THE HEAD QUARTERS

1. Prayer Service : 24 hours
2. **BIBLECOR -** Bible Correspondence Courses : English, Tamil & Hindi
3. **ECHO OF HIS CALL** - Monthly Magazines : English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
4. Nehemiah Bible Colleges (Three Centres) (Evening / Residential)
5. Theological Correspondence Courses: English & Tamil
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools : 8.30 a.m. & 4.00 p.m. Sunday
13. **Tamil Services : 8.00 a.m. & 10.00 a.m. Sunday**
14. **Hindi Service : 4.00 p.m. Sunday**
15. **Telugu Service : 5.00 p.m. Sunday**
16. **English & Tamil Service : 6.00 p.m. Sunday**
17. Women's Prayer : 5.30 p.m. Wednesday
18. Men's Prayer : 7.00 p.m. Friday
19. Discipleship Meeting : 6.00 p.m. Saturday
20. House Meetings : 6.30 p.m. Tuesday & Thursday
21. Special Holy Communion : 6.00 a.m. 1st day of each month
22. Ministers Review Meeting : 5.30 p.m. First Saturday
23. Parents' Prayer : 4.00 p.m. First Sunday
24. Night Prayer : 9.30 p.m. Second Friday
25. Fasting Prayer : 9:30 a.m. Third Saturday
26. Holy Communion : Second Sunday Services
27. Youth / Kid Prayer : 10.00 p.m. daily
28. Staff Devotion : 9.00 a.m. daily
29. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन।** यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,000/- लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले **सेवकाइमा प्रमाणपत्र** पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## निःशुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

## उहाँका कुनै पनि उद्देश्य उहाँबाट रोकिन सक्दैन !

NO PURPOSE OF HIS CAN BE WITHHELD FROM HIM!

सन् १९६९ सालमा जब मैले प्रभु येशू ख्रीष्टलाई मेरो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गरें, मैले उहाँको आगमनका सम्पादक पास्टर एस. देभादासनको सेवकाइमा सहभागी भएँ। परमप्रभुको सेवा गर्न उहाँले मलाई आत्मिक तालिम दिनुभयो र म ३ वर्षसम्म उहाँसँगै थिएँ।

एक रात, म लामो समयसम्म उहाँसँग प्रार्थना गरिरहेको थिएँ। अचानक, भविष्यमा संसार कस्तो हुनेछ र भविष्यमा प्रभुले मद्वारा के गर्नुहुनेछ भन्ने बारेमा उहाँ मसँग बोल्न थाल्नुभयो। उहाँले महान् कुराहरू



*Pr. S. Sam Selva Raj & Rev. S. Devadasan*

बताउनुभयो। त्यो समयमा, मैले ती कुराहरू सोच्न पनि सक्दिनथें। भविष्यमा मैले गर्ने भनेर उहाँले अगमवाणी गर्नुभएका महान् सेवकाइहरू गर्न मसँग शैक्षिक योग्यता वा पैसा वा दक्ष जनशक्ति थिएन!

मैले मेरा कमजोरीहरूका बारेमा उहाँलाई वर्णन गरें र भनें, "पास्टर, प्रभुको सेवकाइमा सानो सेवकको रूपमा म रहें भने पनि त्यो पर्याप्त हुन्छ।" उहाँले जवाफ दिनुभयो, "एउटा साधारण मानिसलाई महान् उचाइमा लैजान दुई वटा थोकहरूको आवश्यकता हुन्छ। तीचाहिँ १ तिमोथी १:१९ मा भनिएअनुसार क) **विश्वास** र ख) **असल विवेक** हुन्। तिमीले आफ्नो आँखालाई सुरक्षित राखेझैं यसलाई सावधानीपूर्वक राख्छौ भने तिमीले निश्चय नै यी सबै आत्मिक उन्नतिहरू पाउनेछौ, जुन मैले अहिले भर्खरै उल्लेख गरें।" यी सारा वर्षहरूमा मेरो सारा क्षमतामा यी कुराहरूको वास्ता गर्न परमप्रभुले मलाई सहायता गर्नुभयो।

मैले यो लेख लेख्न सुरु गर्नअघि प्रभु मसँग बोल्नुभयो। म शब्दहीन भएको थिएँ र सम्पूर्ण कान उहाँको मधुरो कानेखुसीको आवाज सुनिरहेको थियो! उहाँले मलाई भन्नुभयो, "मेरो प्यारो छोरो, तिमी उभिरहेको यो भवनको बारेमा एकक्षण सोच। तिमीले यो कसरी प्राप्त गरेका थियौ? अहिले यो भवनमा भइरहेका सेवकाइहरूबा बारेमा सोच। भूइँ तल्लामा भएको आधुनिक प्रविधिको साथमा भएको सुसमाचार छापाखानलाई हेर! के पहिलो तल्लामा भएको मेरो मण्डलीमा तिमीले कहिल्यै आशा गरेका थियौ, जहाँ २४ घण्टे प्रार्थन सेवा भइरहेको छ? पहिलो तल्लाको अर्को ठाउँमा भएको कलेजका युवायुवतीका निम्ति संचालन भएको युवा सेवकाइहरू र **नहेम्याह बाइबल कलेजका सेवकाइहरूका** बारेमा के तिमीले विचार गरेका थियौ? दोस्रो तल्लामा संचालन भइरहेका **बोलावटको प्रतिध्वनि** प्रशासनिक कार्यालयको बारेमा के तिमीले कहिल्यै सोचेका थियौ?"

"तिम्रो क्षमताभन्दा बाहिर भएका सेवकाइहरू संचालन गर्न, तिमीलाई सहायता गर्नको निम्ति मैले तिमीलाई तिमीभन्दा धेरै प्रभावकारी र बुद्धिमान धेरै हारूनहरू र यहोशूहरू दिएको छु र तिमीलाई आशिष् दिएको छु। तिमीले यी आशिषहरूका बारेमा नसोचे पनि म सधैं तिम्रो बारेमा सोच्छु। मैले तिमीलाई बोलाउँदा तिमी कस्तो थियौ? अहिले तिमी कस्तो छौ? म तिम्रो सेवकाइहरू अझ धेरै बिस्तार गर्नेछु। जसरी मेरो दास पास्टर एस. देभादासनले तिमीलाई बताएको थियो, **तिम्रो विश्वास र असल विवेकमा स्थिर बस।** तिम्रो जीवनमा भएका कठिन र गाह्रो मार्गहरूबाट हिँड्नुपर्दा निरास नहोऊ। तिमीलाई बोलाउने के म नै होइन र? मेरो मुखबाट मैले तिम्रो निम्ति जे बोलेको छु, मेरो आफ्नै हातले पूरा गर्नेछु। असल साहस राख र कुनै पनि थोकले थकित नहोऊ।"

प्रभुले मद्वारा गर्नुभएका अचम्मका र महान् कामहरूलाई पूर्णरूपमा बुझ्न म कहिलेकाहीँ असक्षम हुन्छु। प्रिय दाजुभाइ तथा दिदीबहिनी, तपाईंभन्दा माथि परमेश्वरले राख्नुभएका तपाईंका अगुवाहरूको आज्ञा पालन गर्नुहोस्। संसारका मार्गहरूअनुसार नहिँड्नुहोस् तर आफैंलाई नेतृत्वको अधीनमा समर्पित हुनुहोस् र आफ्नो विश्वास र असल विवेक कायम राख्नुहोस्। तपाईं परमेश्वर र तपाईंको नेतृत्वअघि सत्य हुनुहुन्छ भने उहाँले तपाईंबाट महान् कामहरू गर्नुहुनेछ। शक्तिशाली कार्यहरू गर्न तपाईंलाई प्रयोग गर्न केही कुराले पनि परमेश्वरलाई रोक्न सक्नेछैन। म सम्पूर्ण महिमा र आदर परमेश्वरलाई मात्रै दिन्छु।

पृष्ठ ६ बाट

## ६. अघिल्तिर दौडन सिक्नुहोस् !

हामीले कहिले फर्कने र कहिले अघि दौडने भनेर सिक्नु जरुरी छ। पद ४८ मा हामीले देख्छौं, दाऊद गोल्यतको विरुद्धमा लडाइँ गर्न अग्रपंक्तितिर दौडन्छन्। जब हरेक जना



गोल्यतबाट भागिरहेका थिए, दाऊद त्यसतर्फ दौडदै थिए। तपाईंको लडाइँ छान्न सिक्नुहोस्। निरासाका वचनहरू, आरोपहरू, झुटहरू, अपमानहरूका शब्दहरूलाई इन्कार गर्न र आफ्नो बोलावटमा केन्द्रित हुन सिक्नुहोस्। तपाईंको जीवनको उद्देश्य जान्नुहोस् र त्यसतिर दौडनुहोस्। हरेस नखानुहोस् !

दाऊदलाई सानै उमेरदेखि आफ्नो लडाइँ कसरी छान्ने भनेर थाहा थियो। दाऊदले आफ्नो जीवनभरि नै निरन्तर लडाइँ गरिरहे, रणभूमिमा आफ्ना शत्रुहरूसँग मात्रै होइन तर आफ्नो नजिकको परिवारका सदस्यहरूसँग पनि।

## ७. तपाईंको लडाइँहरू प्रभुतिर देखाउनुहोस् !

२ शमूएल १६ अध्यायमा हामीले बुढो, परिपक्व, थकित दाऊदलाई देख्छौं। अब तिनी आफ्नो छोरा अब्शालोमबाट भागिरहेका छन्, जसले तिनको राज्यलाई लिएका थिए। जब तिनी आराम गर्न सक्ने, रमाइलो गर्न सक्ने र आफ्ना सन्तानमाथि भर पर्न सक्ने भनेर विचार गरेको समयमा तिनी आफ्नो जीवन बचाउनको निम्ति भाग्नुपरेको थियो ! दाऊद शारीरिक, मानसिक र भावनात्मक रूपमा थकित भएका थिए। यो समयमा तिनले शाऊलको परिवारको सदस्य शिमीलाई भेट्छन्, जसले दाऊदमाथि नराम्रा शब्द प्रयोग गर्छन् र तिनलाई सराप्छन्।



*Shimei cursed David*

**जा, जा, ए बदमाश ! ए हत्यारा ! शाऊलको घरानामा रगत बगाएर उनको स्थानमा राज्य गर्न खोज्ने तँमाथि आज परमप्रभुले बदला लिनुभएको चाहिँ हो र त्यो राज्य अब परमप्रभुले तेरो छोरो अब्शालोमलाई दिनुभयो। तँ आज बरबाद भइस् किनभने तँ हत्यारा होस्** (२ शमूएल १६:७,८)।

इस्राएलका मानिसहरू र शाऊलको परिवारको निम्ति यी सबै थोक गरिसकेपछि दाऊदले कस्तो महसुस गरेका थिए होलान् भने के तपाईंले कल्पना गर्न सक्नुहुन्छ। तिनलाई अझै पनि हत्यारा र देशद्रोही भएको आरोप लागेको थियो। दाऊद गुज्रिएको पीडा र शोकलाई म कल्पना पनि गर्न सक्दिनँ। हुन सक्छ, तपाईंले यो पढ्दै गर्दा तपाईंले भनिरहनुभएको छ, "यो मेरो जीवनजस्तै छ ! मैले यी सबै थोक गरिसकेपछि मैले पाएको भनेको दुर्व्यवहार र आरोप हुन्। म निश्चय नै यसको योग्य छैनँ !"

दाऊदको स्थानमा भएका जोसुकैले पनि आफैंलाई निर्दोष साबित गर्दै सामान्यतया शिमीलाई गाली गर्न वा लडाइँ गर्थ्यो होला। वास्तवमा, दाऊदका एक जना मानिसले भन्छन्, ...**हजूर, यो मरेको कुकुरले किन हजूरलाई सराप्ने ? म पारि गएर त्यसको टाउको उडाइदिनेछु** (२ शमूएल १६:९)। तर दाऊदको प्रतिक्रियालाई हेर्नुहोस्। फेरि पनि दाऊदले आफ्नो समस्याहरू र चुनौतीहरूलाई परमेश्वरतिर जोडिरहेको हामीले देख्छौं। तिनले भने, उसलाई बोल्न वा सराप्न देऊ, **सायद आजको दिन मलाई यो सरापको सट्टा परमप्रभुले मेरो कष्ट हेर्नुहुनेछ र मलाई आशिष् दिनुहुनेछ** (२ कोरिन्थी १६:१२)। म गुज्रिरहेको पीडाको निम्ति परमप्रभुले मलाई त्यसको मोल तिर्नुहुनेछ भनेर तिनले आधारभूत रूपमा घोषणा गरिरहेका थिए। पद ११ मा **दाऊदले भन्छन्, परमप्रभुले नै यो गर्न तिनलाई भन्नुभएको हो। अर्को शब्दमा तिनले भने, यो हुनको लागि परमेश्वरले अनुमति दिनुभएको छ।** हामीलाई यो निश्चयता हुनु जरुरी छ: "परमप्रभुले अनुमति नदिनुभएसम्म मेरो जीवनमा केही पनि हुनेछैन र उहाँले त्यसलाई अनुमति दिनुभएको छ भने त्यसले अन्त्यमा आशिष् ल्याउनेछ।"

प्रिय मित्रहरू, हाम्रो परमप्रभुले आफ्नो लडाइँ छान्नु परेको छ। जब उहाँलाई प्रश्न गरिएको थियो, बाइबलले भन्दछ, उहाँ एक पटक बाहेक "चूप" बस्नुभयो। त्यसरी नै हामीले चूप बस्न सिक्नुपर्छ र परमेश्वरलाई हाम्रो लडाइँ लड्न दिनुपर्छ। हाम्रो लडाइँहरू छनोट गर्न परमप्रभुले हामीलाई अनुग्रह देऊन्। परमप्रभु हाम्रो परमेश्वर हुनुभएको होस् !

*******


# URGENT

We require approximately 1000 Hindi Christian books for **our Nehemiah Bible Colleges.** Kindly inform us about the possibility of obtaining theological Hindi books.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

# NEED LIBRARY BOOKS

We are in need of **Tamil,, English and Hindi books** for our Libraries at **St. Paul's Matriculation School and Nehemiah Bible Colleges.** If you have new or old books in good condition and If you have new or old books in good condition and are willing to donate, please get in touch with us.

- Pr. S. Sam Selva Raj, Editor
+91-98412 71858

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/21-23 WPP NO. TN/PMG(CCR)/WPP-220/21-23

## बोलावटको प्रतिध्वनि

**यूट्युब**

जब तपाईंको समय हुन्छ कृपया हाम्रो Echo of His Call You Tube च्यानल हेर्नुहोला र सस्क्राइब गरिदिनुहोला । – सम्पादक

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

Branch : **Triplicane, Chennai-5**
Name : **S. Sam Selva Raj**
A/C No. : **1023 2934 679**
IFSC : **SBIN 00 00 249**
SWIFT CODE : **SBI NIN BB 455**

### *2. Bank : ICICI Bank*

Branch : **Anna Salai, Chennai-6**
Name : **Echo of His Call**
A/C No. : **6038 0502 2319**
IFSC : **ICIC 000 6038**

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

Branch : **Triplicane, Chennai-5**
Name : **Echo of His Call Educational Trust**
A/C No. : **1023 2923 805**
IFSC : **SBIN 00 00 249**

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**

*****

**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

**Annual Subscription : Rs. 100/-** **Life Subscription : Rs. 2000/-**

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**

10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/21-23**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/21-23**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**

**on 16th NOVEMBER 2023**

**If un-delivered please return to:**

**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

**To**

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**